# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

प्रशासन तथा अनुगमन शाखा

**प्रदेश निजामती सेवा (अप्राविधिक/प्राविधिक) अधिकृत सातौं तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना**

**सूचना नं. १२२/०८१/८२, प्रकाशन मितिः २०८१/०७/१२**

बागमती प्रदेशको प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सोही ऐनको दफा ३१, ३४, ३५, ३६, ३७, ३८, ३९ र ४१ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८१/०८/०२ गतेसम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ। कर्मचारी समायोजन ऐन, २०७५ अनुसार प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू सोही ऐनको दफा १४ को उपदफा २ (ख) र (३) बमोजिम समायोजन हुनुपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट ppsc.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी आवश्यक कागजातहरू संलग्न गरी दरखास्त पेस गर्ने अन्तिम मिति २०८१/०८/०२ गते भित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ।

### उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूः

(क) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको।

(ख) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २९, ३१, ३५, ३६, ३७, ३८, ३९ बमोजिमको योग्यता पुगेको।

(ग) दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नु पर्ने र प्रदेश किताबखानामा आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरी सो को व्यक्तिगत अभिलेख (PIS) समेत संलग्न गर्नु पर्ने।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नु पर्ने।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू खुलाउनु पर्ने र सो बमोजिम कागजातहरू संलग्न गर्नु पर्ने। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको का.स.मू. पेस गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सोको विवरण र बागमती प्रदेशको स्थानीय तहमा समायोजन भएको पत्र समेत पेस गर्नु पर्ने।

(च) दरखास्त दस्तुर रु. १,२००।- (एक हजार दुई सय)

(छ) दरखास्त दस्तुर बुझाउने स्थानः

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००२०००१००००

नेपाल बैङ्क लिमिटेड, खाता नं. २७२०२००००००१००१०००००१

कार्यालय कोडः २१०००३२०१३ (प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश)

राजस्व शीर्षक नं. १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेस गर्नु पर्ने।

(ज) विज्ञापन भएका पदहरू दरखास्तको अन्तिम मिति भित्र कुनै कारणवस परिमार्जन गर्नु परेमा आयोगको निर्णय बमोजिम परिमार्जन हुन सक्नेछ।

(झ) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (११) र बागमती प्रदेश सरकारको मिति २०८०/०९/०३ गतेको निर्णय नं. १५/०८० बमोजिम निजामती सेवा नियमावली, २०५० को नियम ८८ एवम् मिति २०७३/०७/०२ को सम्मानित सर्वोच्च अदालतको निर्णय (०७२-WO-०४१९) बमोजिम तोकिएको न्यूनतम शैक्षिक योग्यता, बढुवाका लागि आवश्यक पर्ने सेवा अवधि पूरा गरेका र समायोजन ऐन, २०७५ अनुसार प्रदेश समायोजन भइ आएका कम्प्युटर अपरेटर/कम्प्युटर अधिकृत (तह ५/६) प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूहको लागि सातौं तहमा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

## विवरण

| क्र.सं. | ब.सू.नं. | तह | सेवा, समूह, उपसमूह, पद | पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | ३३/०८१-८२ | ७ | प्रशासन/सामान्य प्रशासन/अधिकृत सातौं वा सो सरह | २ |
| २ | ३४/०८१-८२ | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौं वा सो सरह | ४ |
| ३ | ३५/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | १ |
| ४ | ३६/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/वि. एण्ड आर्क./इन्जिनियर | १ |
| ५ | ३७/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/इरिगेशन/इन्जिनियर | १ |
| ६ | ३८/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/स्यानिटरी/इन्जिनियर | १ |
| ७ | ३९/०८१-८२ | ७ | इन्जिनियरिङ/जियोलोजी/हाइड्रोजियोलोजी/हाइड्रोजियोलोजिष्ट | १ |
| ८ | ४०/०८१-८२ | ७ | कृषि/कृषि प्रसार/कृषि प्रसार अधिकृत | १ |
| ९ | ४१/०८१-८२ | ७ | कृषि/बागवानी/बागवानी विकास अधिकृत | १ |
| १० | ४२/०८१-८२ | ७ | कृषि/मत्स्य/ मत्स्य विकास अधिकृत | १ |
| ११ | ४३/०८१-८२ | ७ | कृषि/एग्री इन्जिनियरिङ्ग/कृषि इन्जिनियर | १ |
| १२ | ४४/०८१-८२ | ७ | शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत सातौं वा सो सरह | १ |
| १३ | ४५/०८१-८२ | ७ | वन/जनरल फरेष्ट्री/सहायक वन अधिकृत | २ |
| | | | **जम्मा** | **१८** |